स्थानिय सरकार

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
वागमती प्रदेश
नेपाल

# कालिका नगरपालिका स्तरीय "खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि – २०८१"

कालिका नगरपालिकाको मिति २०८१ / ०९ / १९ गते सम्पन्न दोश्रो कार्यकालको छैटौँ नगर सभाबाट पारित यो कालिका नगरपालिका स्तरीय "खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि – २०८१", कालिका नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम (१) बमोजिम प्रमाणीकरण गर्दछु।

**प्रमाणीकरण मिति २०८१ / ०९ / २९**

.........................................
(बिनोद रेग्मी)
नगर प्रमुख

# कालिका नगरपालिका स्तरीय
# खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि - २०८१

**प्रस्तावना:**

कालिका नगरपालिकामा सतही ( खोला, नाला, मुल) , डिप बोरिङ्ग जस्ता पानीका श्रोतहरूको माध्यमबाट पानी प्रयोग गर्ने जनसङ्ख्या धेरै ठुलो छ। यसको केन्द्रिकृत प्रणालीबाट सुरक्षित रुपमा एक घर एक धारको माध्यमबाट पानी प्रयोग गर्ने जनसङ्ख्या कम छ। नगरपालिका क्षेत्रमा रहेका केन्द्रिकृत पानी वितरण प्रणालीहरू वितरण गरिरहेको पिउने पानी नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ बमोजिमका छन् वा छैनन् भन्ने अहम् चासोको विषय हो। नगर वासीलाई सुरक्षित पिउने पानी उपलब्ध गराउने सन्दर्भमा यस नगरपालिकाले क्रमश खानेपानीमा लगानी बढाउने र केन्द्रित प्रणालीबाट नै सुरक्षित पानी उपलब्ध गराउने कुरामा जोड दिइरहेको छ। यस सन्दर्भमा नगरवासीलाई वितरण गरिएको पिउने पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने र सुरक्षित पानीको उपलब्धता वा प्रयोग गरी स्वस्थ जीवन बाच्न पाउने आमनागरिकको अधिकार सुनिश्चित गर्न कालिका नगरपालिका भित्रका पानीका श्रोतहरू, पानी वितरण प्रणाली बाट वितरित पानी, स्कुल, सङ्घ संस्था र व्यवसायिक घराना बाट प्रयोग एवं वितरण भैरहेको पानी परीक्षण गरि पिउन उपयुक्त नभएको सुनिश्चित गर्ने र जनतालाई पानीको गुणस्तर बारे सुसूचित गरी सुरक्षित पानीको पहुँचमा वृद्धि गर्नु वाञ्छनीय भएकोले **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११.७ र "कालिका नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन – २०८१" को दफा (१५) को उपदफा (३)** ले दिएको अधिकार प्रयोग गरी नगरपालिकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना एवं सञ्चालन गर्न आवश्यक भएकोले **कालिका नगरपालिकाको दोश्रो कार्यकालको छैटौं नगरसभाले** यो कार्यविधि तयार गरी लागू गरिएको छ।

**परिच्छेद १**

**संङ्क्षिप्त नाम र परिभाषा**

**१. संङ्क्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "कालिका नगरपालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

२) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत् भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"प्रयोगशाला व्यवस्थापन समिति"** भन्नाले प्रयोगशाला सञ्चालनलाई व्यवस्थित बनाउन पालिका प्रमुखको अध्यक्षतामा गठित समिति बुझिन्छ।

ख) **खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला भन्नाले** कालिका नगरपालिकामा स्थापना भइ सञ्चालित खानेपानी गुणस्तर परीक्षण प्रयोगशालालाई बुझिनेछ।

ग) **खानेपानी गुणस्तर मापदण्ड :** खानेपानी गुणस्तर भन्नाले नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ मा तोकिए बमोजिमको र भविष्यमा संशोधन हुने मापदण्ड भनी बुझ्नु पर्नेछ।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१/०९/२९

CamScanner

## परिच्छेद २
## लक्ष्य, उद्देश्य र रणनीति

**३. लक्ष्य :**

घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको समय समयमा गुणस्तर परीक्षण गर्ने अभ्यासलाई प्रवर्द्धन गरी जनतालाई सुरक्षित पानीको उपलब्धता वा प्रयोग बारे सुसूचित गरी सुरक्षित पानी पाउने नागरिक अधिकारको सुनिश्चितता गर्ने ।

**४. उद्देश्यहरू :**

१) यस पालीका भित्र बसोबास गर्ने आम नागरिकलाई पानीको गुणस्तर र यसको परीक्षणबारे सुसूचित गरी सुरक्षित पानीमा पहुँच अभिवृद्धि गर्ने ।

२) घरायसी तथा संस्थागत तहमा प्रयोग गरिने पानीको गुणस्तर जाँचको सेवालाई दिगो, सर्वसुलभ र सहज रुपमा उपलब्ध बनाउने ।

३) स्थानीय स्तरमा खानेपानीको गुणस्तरबारे जनचेतना विस्तार गर्ने ।

४) उपभोक्ता समिति वा अन्य सेवा प्रदायकहरूको ट्याङ्कर, खानेपानी व्यवस्थापन बोर्ड, बोतल बा जारको पानी वितरक आदि द्वारा वितरण गरिने पानीको गुणस्तर नियमित जाँच गर्ने ।

५) बिपद्का बेलामा जनस्वास्थ्यको सुरक्षाको लागि नियमित रुपमा पानीको गुणस्तर परीक्षण गर्ने ।

**५. रणनीति :**

१) नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार भौतिक, रासायनिक तथा जैविक गरी २७ प्रकारका गुणस्तर परामितिहरुको परीक्षण गर्ने व्यवस्था भए अनुरुप १२ प्रकारका परामितिहरु स्थानीय स्तरमा नै परिक्षण गरी यस सम्बन्धि सेवाहरु उपलाब्ध गराउने ।

२) हरेक घर तथा संस्थागत तहमा वार्षिक कम्तिमा २ पटक गुणस्तर परीक्षण गर्ने परिपाटीलाई प्रवर्द्धन गर्ने ।

३) दिगो विकास लक्ष्य अनुसार सुधारिएको खानेपानी जनताको पहुंच, अभिवृद्धि गरी सफा र सुरक्षित पानीयुक्त समुदाय निर्माणमा टेवा पुर्याउने ।

४) सेवा प्रदायकहरुले वितरण गरेका पानीको गुणस्तर नियमित जाँच गरी जनस्वास्थ्यमा पर्न सक्ने असरहरु न्यून गर्ने ।

५) विपद्को बेलामा प्रभावितहरुलाई वितरण गरिने सबै पानीको नमुना संकलन गरी नियमित रुपमा परिक्षण गर्ने ।

## परिच्छेद ३
## स्वामीत्त्व, "प्रयोगशाला व्यवस्थापन समिति" र समितिको काम कर्तव्य र अधिकार

**६. प्रयोगशालाको स्वामीत्व र सञ्चालन :**

यस खानेपानी गुणस्तर परीक्षण प्रयोगशीलाको स्वामीत्व, दैनिक सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन तथा संचालको सम्पूर्ण दायित्व र जिम्मेवारी कलिका नगरपालिकामा निहित रहने छ ।

**७. "प्रयोगशाला व्यवस्थापन समिति" को गठन र सञ्चालन प्रकृया:**

१) यस प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि एक **"प्रयोगशाला व्यवस्थापन समिति"** गठन गरिने छ। यसरी गठन भएको समितिले प्रयोगशाला सञ्चालन सम्बन्धमा नियमन, व्यवस्थापन , अनुगमन, कर्मचारी व्यवस्थापन, बजेटको व्यवस्थापन लगाएतका भूमिका निर्वाह गर्ने छ। उल्लेखित समितिमा देहाय बमोजिम सदस्यहरु हुनेछन् ।

क) नगरपालिका प्रमुख - संयोजक



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१/०९/२१

CamScanner

ख) नगरपालिका उप-प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) बन, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक - सदस्य

ङ) नगरस्तरिय खानेपानी उपभोक्ता संस्थाहरुको समन्वय समितीको अध्यक्ष (समन्वय समितीको गठन नभैसकेको अवस्थामा खानेपानी तथा सरसफाई उपभोक्ता समितीका अध्यक्षहरु मध्य कार्यपालिका प्रमुखले तोकेको व्यक्ती १ जना) - सदस्य

(च) स्थानीय उद्योग वाणिज्यसंघको अध्यक्ष (स्थानीय उद्योग वाणिज्यसंघको गठन नभैसकेको अवस्थामा स्थानीय बजार ब्यबस्थापन समितीका अध्यक्षहरु मध्य कार्यपालिका प्रमुखले तोकेको व्यक्ती १ जना) – सदस्य

(छ) कार्यपलिका सदश्यहरु मध्यबाट कार्यपालिका प्रमुखले तोकेको महिला सदश्य एकजना - सदस्य

(ज) नगर पालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(झ) नगर पालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ञ) नगर पालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ट) वाताबरण शाखा साखा प्रमुख (अधिकृत) – सदस्य सचिव

२) उपदफा (२) बमोजिम सदस्य सचिवले **"प्रयोगसाला ब्यबस्थापक"** को अतिरिक्त जिम्मेवारी समेत बहन गर्नेछ।

३) प्रयोगसाला ब्यबस्थापकले प्रयोगशाला ब्यबस्थापन सम्वन्धित कार्यहरु जस्तैः कर्मचारीहरुको खटनपटन, दैनिक सेवाप्रवाह व्यवस्थापन, नियमित अनुगमन, निरिक्षण, निर्देशन लागयत, प्रयोगसाला सञ्चालन सम्वन्धमा **"प्रयोगशाला व्यवस्थापन समिति"** एवं नगरपालिकाको निती निर्देशन बमोजिम कार्यसम्पादन गर्नेछ।

**८. "प्रयोगशाला व्यवस्थापन समिति" को काम कर्तव्य र अधिकार:**

(१) दफा (७) को उपदफा (१) अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछन् ।

(क) प्रयोगशालाको दैनिक व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक दैनिक प्रशासनीक व्यवस्था मिलाउने ।

(ख) सेवा प्रवाहका लागि कर्मचारी नियुक्ति गर्ने या एकपटक नियुक्त भएको कर्मचारीले प्रयोगशालाको आवश्यकता अनुसार कार्य नगरेमा नियुक्ति बदर वा खारेजी गर्ने र कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्ने ।

(ग) चौमासीक रुपमा प्रयोगशालाको आम्दानीको आय-व्यय विवरण राख्न लगाउँने र यस कार्यविधिको दफा (१८) अनुसार उपलब्ध स्रोतको एवं आम्दानी तथा राजस्वको बाँडफाँड गर्ने ।

(घ) प्रयोगशाला र नगरकार्यपालीका बीचमा समन्वय र सेतुले कार्य गर्ने।

(ङ) प्रयोगशालाको दिगो व्यवस्थापन तथा संचालनका लागि वार्षिक बजेट सहितको कार्यक्रम बनाउने र कार्यपालीकामा पेश गर्ने ।

(छ) प्रयोगशालाको गुणस्तर अनुगमन गर्ने र राष्ट्रिय मापदण्ड कायम गर्ने गरी कार्य गर्ने ।

(छ) प्रयोगशालाबाट सेवा प्रवाहका लागि उपभोक्ता वा सेवा प्रदायकले बुझाउनु पर्ने शुल्क निर्धारण र समयानुकूल संशोधन का लागी कार्यपालिकामा सिफारीश गर्ने ।

(ज) प्रयोगशालाको नियमित व्यवस्थापन तथा संचालनका लागि अन्य आवश्यक प्रबन्ध मिलाउने तथा नगर कार्यपालिका सँगको सहकार्यमा आवश्यक अन्य कार्य गर्ने ।





CamScanner

**९. "प्रयोगशाला व्यवस्थापन समिति" को बैठक सम्वन्धी व्यबस्था:**

क) समितिको बैठक कम्तिमा महिनको एक पटक वा आवश्यकता अनुसार बस्नेछ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा समितिका सदस्य सचिवले बोलाउनेछन।

ग) बैठकको अध्यक्षता संयोजकले गर्नेछन। वैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछन्।

घ) बैठक सञ्चालन सम्बन्धि अन्य व्यवस्था समितिले अफैले निर्धारण गरी लागू गर्न सक्नेछ।

## परिच्छेद ४
## खानेपानी गुणस्तर परीक्षणको मापदण्ड र सेवा शुल्क

### १०. खानेपानी गुणस्तर परीक्षणको मापदण्ड

कालिका नगरपालिकाको खानेपानी गुणस्तर नेपाल सरकार "राष्ट्रिय खानेपानी गुणस्तर मापद्ण्ड,२०७९" अनुसार हुनेछ।

### ११. प्रयोगशाला बाट उपलब्ध गराइने सेवा

१) यस प्रयोगशालाबाट तपसिल बमोजिम १२ प्रकारका पारामितिहरुको गुणस्तर परीक्षणको सेवाहरु प्रदान गरिने छ।

| | | | |
|---|---|---|---|
| १.धमिलोपना | २. आर्सेनिक | ३. क्यालसियम | ४. फलाम |
| ५. क्लोराईड | ६. नाईट्रेट | ७. कुल-कडापन | ८. एमोनिया |
| ९. इ-कोली | १०. क्लोरिन | ११. हाईड्रोजन PH | १२. विधुतीय संवाहकता (Electrical conductivity) |

२) नगरपालिकाले उल्लेखित पारामितिहरु बाहेका आवश्यकता अनुसार प्रयोगसालाको क्षमता बिस्तारगर्दै जानेछ र थप पारामितिहरुको गुणस्तर परीक्षणको सेवा गर्नेछ।

३) नगरपालिकाले पिउने पानिको गुणस्तर परीक्षण सम्वन्धि उल्लेखित सेवाहरु यस कार्यबिधिको दफा (२१) को उपदफा (१) वमोजिम निकायहरुका अलावा यस प्रकारको सेवा मागगर्ने अन्य व्यक्ति वा निकायहरु (कालिका नगरपालिका क्षेत्र बाहिरका समेत) लाई समेत प्रदान गर्ने छ।

४) प्रयोगसालाबाट सेवा प्रदान हुननसक्ने अबस्थामा नगरपालिका प्रयोगसाला सेवा उपलब्ध गराउन वाध्य हुनेछैन।

**नोट**: सेवा प्रदान हुननसक्ने अबस्थामा भन्नाले प्रयोगशालामा सम्वन्धित परिक्षण उपकरणहरु उपलब्ध नहुनु, प्रयोगशालामा उपलब्ध परिक्षण उपकरणहरु चालु अवस्थामा नहुनु बिग्रनु, मुख्य उपकरणहरु सञ्चालन गर्न अवश्यकपर्ने अन्य सहायक उपकरणहरुको उपलब्ध नहुनु बिग्रनु, परिक्षणकालागी आबश्यक केमिकल, सामाग्री तथा साधनहरुको मौज्दात नहुनु, जनशक्ती उपलब्ध नहुनु, उपलब्ध जनशक्ती अपुग वा अनुपस्थित हुनु, उपलब्ध जनशक्तीको बिषयगत बिज्ञता बाहिरको परिक्षण कार्य गर्नुपर्ने अबस्था श्रृजना हुनु, बिजुलि पावरसप्लाइ नियमित नहुनु वा अबरोध हुनु, प्रयोगसालाको क्षमता भन्दा बढी परिक्षण कार्य गर्नुपर्ने अबस्था श्रृजना हुनु, परिक्षण कार्य बोझका कारण समय अभावहुनु, लगायतका अबस्थाहरुलाई सेवा प्रदान हुननसक्ने अबस्थाका रुपमा बुझिने छ।

### १२. प्रयोगशाला परिक्षण शुल्क (सेवा शुल्क)

१) यस प्रयोगशालालाई दिगो रुपमा सञ्चालन गर्नका लागि कर्मचारिको सेवा सुविधा, परीक्षणका लागि र आवश्यक सामग्री, रिएजेण्ट तथा औजारहरु, प्रयोगसालाको व्यवस्थापन एवं क्षमता बिस्तारको खर्च, दैनिक व्यवस्थापन तथा अतिरिक्त



नगर प्रमुख

कार्यभार वापत खर्चहरु आदि व्यवस्थापन गर्नकालागि न्यूनतम प्रयोगशाला परीक्षण शुल्क (सेवा शुल्क) निर्धारण गरिएको छ।

२) उल्लेखित शुल्क सम्बन्धी विवरण अनुसूचि ४ मा संलग्न गरिएको छ।

## परिच्छेद ५

## प्रयोगशालाको व्यवस्थापनका लागि मानव संशाधन व्यवस्थापन, क्षमता विकास र दिगोपना

### १३. मनव संशाधन

१) नगरपालिकाले प्रयोगशालाको नियमित व्यवस्थापन र संचालनको लागि नगरपालिकाको स्रोतबाट तलब भत्ता उपलब्ध गराउने गरी नेपाल सरकारको करार सेवा अन्तर्गत प्रदान गरिने न्यूनतम तलब सुविधा प्रदान गर्ने गरि देहायबमोजिमका कर्मचारी नियुक्ति गर्ने छ।

**क) प्रयोगशाला व्यवस्थापक**

प्रयोगशाला व्यवस्थापकको नियुक्ती यस कार्यविधिको दफा (७) को उपदफा (२) बमोजिम हुने छ।

**ख) ल्याव टेक्निसियन:**

- नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।
- नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसूर ठहर नभएको व्यक्ति।
- विज्ञान विषयमा न्यूनतम १०+२ वा आइ.एस्सी. वा सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।
- खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला टेक्नीसियनको तालिम वा कार्य अनुभव हासील गरी सम्बन्धित विषयमा दक्षता हासील गरेको।
- अन्य व्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकेबमोजिम हुनेछन्।

**ग) कार्यालय सहयोगी:**

- नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।
- नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसूर ठहर नभएको व्यक्ति।
- न्यूनतम आठौ कक्षा उतृण वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।
- अन्य व्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकेबमोजिम हुनेछन्।

(२) "प्रयोगशाला व्यवस्थापन समिति" ले उल्लेखित (ख) र (ग) बमोजिम (पछि आवश्यकता अनुसार संख्या थप गर्न सक्ने गरी) हाललाई एक / एक जना कर्मचारीहरु नियुक्त गर्नेछ।

### १४. मनव संशाधन व्यवस्थापन

१) यस कार्यविधिको दफा (१३) को उपदफा (१) (ख) र (ग) बमोजिम नियुक्त कर्मचारीले "प्रयोगशाला व्यवस्थापन समिति" र "प्रयोगशाला व्यवस्थापक" को मातहतमा रहेर कार्य सम्पादन गर्नु पर्नेछ। यसप्रकार नियुक्त कर्मचारीको सेवा सुविधा र तह देहाय बमोजिम हुनेछ।

क) प्रयोगशाला व्यवस्थापकको नियुक्ती यस कार्यविधिको दफा (७) को उपदफा (२) बमोजिम हुने छ।

ख) ल्याव टेक्निसियन: नेपाल सरकारको करार सेवा अन्तर्गत पाचौ तह को प्राविधिक (सब ईन्जिनियर) सरहको मासिक न्यूनतम तलब सुविधा।

नगर प्रमुख

ग) कार्यालय सहयोगी: नेपाल सरकारको करार सेवा अन्तर्गत श्रेणी बिहिन कार्यालय सहयोगी सरहको मासिक न्यूनतम तलब सुविधा।

(२) उपदफा (१) बमोजिमका नियमित कर्मचारीहरु नियुक्त नभएका पदहरुमा नगरपालिकाले बैकल्पिक व्यवस्थाको रुपमा नगर पालिकाको मौजुदा जनशक्तीलाई प्रयोगशालामा कार्यसम्पादनको थप अतिरिक्त जिम्मेवारी दिई प्रयोगशाला सञ्चालनमा ल्याउन सक्नेछ।

(३) उपदफा (१) (ख) र (ग) बमोजिमका कर्मचारीहरुको उपदफा (२) बमोजिम व्यवस्था हुन नसकेमा "प्रयोगशाला व्यवस्थापन समिति" ले प्रयोगशाला सञ्चालनमा ल्याउन बैकल्पिक व्यवस्थाको रुपमा सम्बन्धित प्राविधिक योग्यता पुगेको ब्यक्तिहरुलाई आम्सिक समायकालागी (Part Time) नियुक्त गरी प्रयोगशाला सञ्चालनमा ल्याउन सक्नेछ।

(४) प्रयोगशाला परिक्षण सम्वन्धी राजश्व, सेवा शुल्क, दण्डजरिवना लागयातका आय एवं ब्याय सम्वान्धि लेखा व्यवस्थापन कार्य कालिका नगर पालिका कार्यलयको आर्थिक प्रशासन साखा प्रमुख वा निजले तोकेको कर्मचारीले गर्नेछ।

(५) नगरपालिकाले उपदफा (२) बमोजिम थप/ अतिरिक्त जिम्मेवारी तोकिएका प्राविधीक कर्मचारीहरुलाई मासिक रुपमा अतिरीक्त भत्ता उपलब्ध गराउनेछ। यस प्रकार थप/ अतिरिक्त भत्ता सम्बन्धित प्राविधीक कर्मचारीले खाइपाई आएको मासिक तलवमानको १५ (पन्ध्र) प्रतिसतले हुनआउने रकम बरावर हुनेछ।

(६) उपदफा (४) बमोजिम थप/ अतिरिक्त जिम्मेवारी तोकिएको कर्मचारीहरुलाई नगरपालिकाले खाइपाई आएको मासिक तलवमानको ७ (सात) प्रतिसतले हुनआउने रकम मासिक रुपमा अतिरीक्त भत्ता उपलब्ध गराउनेछ।

(७) उपदफा (३) बमोजिम सेवा लिदा नगरपालिकाले सम्बन्धित कर्मचारिले सम्पादन गरेको प्रयोगशाला परिक्षण वापत सङ्कलित शुल्क (सेवा शुल्क) को कुल जम्मा रकम मध्य निश्चित प्रतिसत रकम परिश्रमिक उपलब्ध गराउने छ। यस प्रकारको प्रतिसत निर्धारण "प्रयोगशाला व्यवस्थापन समिति" को निर्णय बमोजिम हुनेछ।

नोटः उपदफा (२) बमोजिम नियमित कर्मचारी भन्नाले प्रयोगसालाको स्वीकृत दरवन्दी मा नियमानुसार पुर्णकालिन रुपमा नियुक्त कर्मचारीलाइ बुझिनेछ।

**१५. क्षमता विकास:**

(१) नगरपालिकाले यस कार्यविधिको दफा (१३) को उदफा (१) बमोजिमका कर्मचारिहरुलाई नियमित रुपमा तालिम, क्षमता विकास एवं बृत्ति विकासको प्रवन्ध मिलाउने छ।

(२) नगरपालिकाले दफा (११) बाहेकका पारामितिहरुको परीक्षण सेवा थपगर्न आवश्यकता र अनुकुलता अनुसार प्रयोगसालाको क्षमता बिस्तारगर्दै जानेछ।

**१६. दिगोपना :**

प्रयोगशालाको दिगो व्यवस्थापनकालागी कार्यविधिको दफा (१३) को उदफा (१) बमोजिमका कर्मचारिहरुलाई प्रोत्साहनको लागि बोनस वापत कुल परिक्षण सुल्क आम्दानीको निश्चित प्रतिशतले हुन अउने रकम चौमासिक रुपमा प्रोत्साहन स्वरुप प्रदान गर्न सकिनेछ। यस सम्वन्धि अन्य ब्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकोबमोजिम हुनेछन।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१/०१/२१

## परिच्छेद ६
## विविध

**१७. पानी परीक्षण सेवा लिने प्रकृया :**

क) यस प्रयोगशालाबाट पानी परीक्षणको सेवा लिन सेवाग्राहीले अनुसुची १ मा दिईएको आवेदन फाराम भरेर पेश गर्नु पर्नेछ।

ख) सेवाग्राहीले परीक्षण गर्नु पर्ने पानीको बिधि पुर्वक नमूना संकलनगरी प्रयोगशालामा बुझाउनु पर्नेछ।

ग) सेवाग्रहिको माग बमोजिम नगरपालिकाले नमूना संकलनका लगी कर्मचारीहरु खटाउन सक्ने छ।

ग) सेवाग्राहीले नगरपालिकाका कर्मचारीद्वारा नमूना संकलन गराउदा नगरपालिकाले तोकेको नमूना संकलन दस्तुर, संकलनमा खटिने कर्मचारिको नियमानुसार दैनिक भ्रमण भत्ताको (TADA) समेत व्यबस्था गर्नुपर्ने छ।

**१८. श्रोत व्यवस्थापन** :

१) खानेपानी गुणस्तर परीक्षण प्रयोगशालामा पानीको गुणस्तर परीक्षणका लागि यस कार्यविधिको दफा (१२) वमोजिम सेवा शुल्क लाग्नेछ। सम्वन्धित सेवाग्रहि / उपभोक्ताले अनिवार्यरुपमा सेवा शुल्क भुक्तान पश्चात मात्र खानेपानी गुणस्तर परीक्षण सेवा प्रदान हुनेछ।

२) यसरी सेवा शुल्क वापत संकलित राजस्वको आय-व्यय नगरपालीकाको राजस्व शाखाले राख्ने छ र त्यसको प्रतिवेदन चौमासिक रुपमा "प्रयोगशाला व्यवस्थापन समिति" समक्ष पेश गर्ने छ।

३) सेवा शुल्क वापत संकलित राजश्वलाई पालिकाको आन्तरिक श्रोतको आम्दानी रकम मानी कुल संकलीत राजस्वको एकमुष्ट हिसाबको कम्तिमा ५० (पचास) प्रतिशत रकम प्रयोगशाला सचालनका लागि आवश्यक पर्ने सामग्री जस्तै रसायन, रिएजेण्ट आदि खरीद गर्न, कर्मचारिको सेवा सुविधा, परीक्षणका लागि आवश्यक सामग्री, रिएजेण्ट तथा औजारहरु खरिद गर्न, प्रयोगसालाको व्यवस्थापन एवं क्षमता बिस्तारकोलागी खर्च गर्न, दैनिक व्यवस्थापन तथा अतिरिक्त कार्यभार बापत खर्चहरु आदि ब्यवस्थापन तथा सञ्चालन समितिले तोके अनुसार प्रयोगशालाका लागि भौतिक सुविधा थप गर्ने खर्च गरिनेछ भने बाँकी रकम नगरपालीकाको आम्दानीको रुपमा मूलकोषमा जम्मा गरिनेछ।

४) उपदफा (१) वमोजिम संकलित कुल सेवा शुल्क रकम. पदफा (३) बमोजिम कार्यहरुका लागी अपुग भएको हदसम्म रकम नगरपालिकाले ब्यवस्थापन गर्नेछ।

**१९. पानीको नमुना संकलन गरी बुझाउने :**

(क) सेवाग्रहिले आफूले परीक्षण गर्न चाहेको पानीको नमूना तोकिएको मापदण्डका आधारमा संकलन गरी प्रयोगशाला सम्म सुरक्षित रुपमा ल्याउने कार्यलाई नमूना संकलन भनिन्छ।

(ख) पानीको नमूना संकलन विधि नमूना संकलन गर्ने पानीको श्रोत अनुसार फरक फरक हुन सक्छ। उदाहरणको लागि इनारको पानीको नमूना संकलन गर्न एक प्रकारको विधि अपनाउन पर्ने हुन्छ भने धारा, ट्युवेल वा खोलाको पानीको नमूना संकल गर्न अर्को प्रकारका विधि र सतर्कता अपनाउनु पर्ने हुन्छ।

(ग) पानीको नमूना संकलन गर्दा पानीमा रहेका भन्दा फरक स्थान या श्रोतवबाट संक्रमण नहोस भन्नका लागि सतर्कतापूर्वक यो कार्य गर्नु पर्ने हुन्छ। यसका लागि उपलब्ध पानीका स्रोतहरु विशेष गरी ट्यूववेल, इनार, खोला, मुल तथा शहरी खानेपानीको वितरण प्रणालीबाट उपलब्ध धाराको पानीको नमूना संकलनका लागि केही विधिहरु यस कार्यविधिको **अनुसूची ५** मा उल्लेख गरिए अनुसार वा प्रयोगशालाका प्राविधिकहरुले तोके बमोजिम हुनेछन्।



प्रमाणीकरण मिति २०८१/०१/२१

नगर प्रमुख

**२०. खानेपानी गुणस्तर परीक्षण गर्नुपर्ने:**

१) नगरपालिका क्षेत्रभित्रका देहाय वमोजिम खानेपानी सेवा प्रदायक, सङ्घ संस्था, ब्यावसायिक संस्था आदिले पिउने प्रयोजनकालागी ग्राहाकलाई उपलब्ध गराउने पानीको नमुन संकलन गरी कम्तिमा हरेक छ / छ महिनामा यस कार्यविधीको दफा (११) मा तोकिएका कम्तिमा १२ (बाह्र) प्रकारका परिमितीहरुमा गुणस्तर परिक्षण गर्नुपर्ने छ।

<u>तपसिल</u>:

(क) कलिका नगरपालिकाको "कालिका नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८१" अनुसार दर्ता भएका समपुर्ण खानेपानी सेवा प्रदायक उपभोक्ता समितीहरु।

(ख) कालिका नगरपालिका क्षेत्रभित्र सञ्चालित समपुर्ण सामुदायिक तथा संस्थागत बिध्यालयहरु।

(ग) कालिका नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पुर्ण पानी तथा बेभरेज उधोगहरु।

(घ) कालिका नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पुर्ण लज सहितका होटलहरु।

(ङ) "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकेका अन्य उधोग तथा निकायहरु।

२) अन्यत्र जेसुकै लेखिएता पनि उपदफा (१) (ग) (घ) र (ङ) बमोजिम सेवा प्रदायकहरुले कम्तिमा हरेक तिन/ तिन महिनामा यस कार्यबिधीको दफा (११) मा तोकिएका कम्तिमा १२ (बाह्र) प्रकारका परिमितीहरुमा गुणस्तर परिक्षण गरी गुणस्तर परिक्षण नतिजा सार्वजनिक गर्नेछ।

३) यस कार्यबिधिको उपदफा (१) बमोजिम गुणस्तर परिक्षण प्रतिबेदनमा कैफिएत देखिएमा सम्बन्धित सेवा प्रदायकाले तत्काल तोकिएको गुणस्तर कायमगरी, गुणस्तर सुनिश्चित गराई सेवा प्रबाहा गर्ने दायित्व सम्बन्धित सेवांग्रहिको हुनेछ।

४) उपदफा (२) बमोजिम सेवाप्रदायक उपदफा (३) बमोजिम दायित्व पुरा नगरेमा वा अटेर गरेमा नगरपालिका आफैले सेवा प्रदायकाको पानी नमुना संकलन र गुणस्तर परिक्षण गरी गुणस्तर परिक्षण नतिजा सार्वजनिक गर्नेछ।

५) उपदफा (४) बमोजिम अबस्थामा नगरपालिकाले सम्बन्धित सेवा प्रदायकाबाट गुणस्तर परिक्षण सेवा बापत लाग्ने नियमित शुल्कको दोव्वर हुनेगरी सेवा शुल्क असुल उपर गर्नेछ र प्रचलित कानुन बमोजिम कार्यबाही समेत गर्न सक्नेछ।

६) उपदफा (४) बमोजिम गुणस्तर परिक्षण नतिजामा कैफिएत भेटिएमा नगरपालिकाले सम्बन्धित सेवा प्रदायकाको उत्पादन तथा सेवा प्रवाहामा वन्देज लागाउन सक्नेछ।

७) यस कार्यबिधिको उपदफा (६) बमोजिम सेवा प्रदायकाले पुनः उत्पादन तथा सेवा सुचारु गर्न तोकिएको गुणस्तर सुनिश्चित गरी गुणस्तर सुनिश्चित भएको परिक्षण नतिजा सार्वजनिक गर्नुपर्ने छ। यस प्रकार नगरपालिकाले तोकेबमोजिम जरिवना तिरी पुनः उत्पादन तथा सेवा सुचारु गर्न सक्नेछन।

**२१. अन्य ब्यवस्था**

(क) यस सम्वन्धी अन्य ब्यबस्था "प्रयोगशाला व्यवस्थापन समिति" को निर्णय एवं नगरपालीकाले कार्यपालीकाको निर्णय बमोजिम हुने छ।

**२२. अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने** :

(क) नगरपालीकाले कार्यपालीकाको बैठकवाट यस कार्यविधिको **अनुसूचिहरुमा** मा उल्लेखित विवरण, तथ्यांक तथा अन्य सूचनाहरु आवश्यकता अनुसार हेरफेर, थप व्याख्या वा धपघट गर्न सक्नेछ।

(ख) तर यसरी संशोधन गरिएको बाक्यांश वा विवरण संशोधनको संस्करण अनुसार एकै प्रतिमा संलग्न गर्दै जानु पर्नेछ।



प्रमाणीकरण मिति २०८१/०९/२९

नगर प्रमुख

(ग) **अनुसूचि ४ मा उल्लेखित सेवा शुल्क दरहरु तथा परिमितीहरु आवश्यकता अनुसार "प्रयोगशाला व्यवस्थापन समिति"** ले परिमार्जन तथा थपघट गर्न सक्नेछ ।

(घ) अनुसूचि -२ बमोजिम प्रयगोसाला परिक्षण प्रतिबेदन (Test Report) गर्ने अनुसुचिहरु प्रयगोसाला परिक्षणका परिमिती अनुसार प्रयोगसाला ब्यवस्थापक / प्रयगोसालाका प्राविधिकाले आवश्यकता अनुसार तयगरी प्रयगोसाला परिक्षण प्रतिबेदन गर्न सक्नेछन ।

(ङ) प्रयोगसाला ब्यवस्थापक / प्रयगोसालाका प्राविधिकाले आवश्यकता अनुसार प्रयगोसाला परिक्षण प्रतिबेदन (Test Report) गर्ने अनुसुचिहरु परिमार्जन गर्न र अनुसुचिहरु थप गर्न सक्नेछन ।

(च) **अनुसूचि ४ मा उल्लेखित सेवा शुल्क दरहरु** आगामी आर्थिक बर्षकालागी (२०८१/०८२ पस्चात) आर्थिक ऐनमा निर्धारण भए बमोजिम हुनेछन्।

नगर प्रमुख

# अनुसूचिहरु

## अनुसूचि १ : निबेदन / राजश्वको दाखिला तथा भुक्तानी फारम र दर :

*सेवा लिन इच्छुक सेवाग्राहीले तल उल्लेखित विवरणको फारम भरी तोकिएको रकम नगर पालीकाको राजश्व खातामा दाखीला गरी सोको एक प्रतिलिपि सहित परीक्षण गर्न चाहेको पानीको नमुना प्रयोगशालामा पेश गर्ने।*

श्री कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, कालिका, चितवन
नेपाल।

**बिषयः प्रयोगसाला परिक्षण / नमुना संकलन गरी प्रयोगसाला परिक्षण सम्वन्धमा।**

मैले / हामिले देहाय बमोजिम निर्माण सामाग्री / निर्माण कार्यको नमुना संकलन गरी तपसिलमा उल्लेखित परिक्षण परिमितीहरुमा प्रयोगसाला परिक्षणका लागि पेश गरेकोले "खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि - २०८१" एवं प्रचलित नियमानुसार प्रयोगसाला परिक्षण हुन अनुरोध छ।

**तपसिल**

पेश गर्ने व्यक्ती / निकायः
ठेगानाः
नमुना संकलन मितिः                    नमुना संकलन गरेको समयः
नमुना संकलन गरेको स्थानः

| | | | | | |
|---|---|---|---|---|---|
| नमुना संकलन गरेको स्थानः | श्रोतामाः | भण्डारण /टंकिमाः | बितरण प्रणालीमाः | धारामाः | अन्य स्थानमाः |

| परिक्षण परिमितीहरु सम्वन्धी विवरणः |
|---|
| १. धमिलोपना २. पी एच (pH) ३. तापक्रम ४. फलाम (आइरन) ५. क्लोराईड ६. नाईट्रेट ७. कडापन ८. एमोनिया |
| ९. फोस्फेट १०. क्लोरिन अवशेष ११. इ–कोली १२. कोलिफर्म १३. अन्य (नमुना संकलन सुल्क) १४. अन्यः |

| नमुना सम्वन्धी विवरणः |
|---|
| |

निबेदकः
नाम, हस्ताक्षर र मितीः
संपर्क फोन र छापः

नगर प्रमुख

**सेवा शुल्क / राजश्व गणना प्रयोजनका लागीः**

श्री राजश्व साखा, कालिका नगरपालिका कार्यालय, चितवन, प्रस्तुत प्रयोगसाला परिक्षण / नमुना संकलन कार्यकालागी सम्वन्धित सेवाग्राहिबाट देहायबमोजिम देहाय बमोजिम सेवा शुल्क / राजश्व जम्मा गरीदिनुहुन ।

| परीक्षणका सूचकहरु | परिक्षण शुल्क / नमुना / परिक्षण | नमुना संख्या परिक्षण संख्या | कुल राजश्व ने.रू. | कैफियत |
|---|---|---|---|---|
| १. धमिलोपना | | | | प्रति सूचक |
| २. पी एच (pH) | | | | |
| ३. तापक्रम | | | | |
| ४. फलाम (आइरन) | | | | |
| ५. क्लोराईड | | | | |
| ६. नाईट्रेट | | | | |
| ७. कडापन | | | | |
| ८. एमोनिया | | | | |
| ९. फोस्फेट | | | | |
| १०. क्लोरिन अवशेष | | | | |
| ११. इ–कोली | | | | |
| १२. कोलिफर्म | | | | |
| १३. अन्य (नमुना संकलन सुल्क) | | | | प्रति नमुना |
| १४. अन्यः | | | | |
| १५. | | | | |
| जम्मा | | | | |

**गणना गर्नेको नाम र हस्ताक्षरः**

**राजश्व साखा प्रयोजनका लागीः**

पेश भए वमोजिम, कालिका नगरपालिका कार्यालयमा मिती ..................................... मा रसिद नं. ...................................... बाट रू. ................. ........................... सेवा शुल्क / राजश्व दाखिला भएको ब्यहीरा प्रामाणित गरिन्छ ।

**राजश्व बुझ्नेको नाम र हस्ताक्षरः**

**प्रयोगसाला / कार्यालय प्रयोजनका लागीः**

| कार्यालयमा पेशगर्दा बखत नमुना सम्वन्धी विवरण / कैफिएतः | | | |
|---|---|---|---|
| प्रयोगशालाले बुझेको मिति : | | रिर्पोट/प्रतिवेदन प्राप्त हुने मिति : | |
| समयः | | | |

नमुना पेशगर्नेको हस्ताक्षर र छापः

नमुना बुझ्नेको नाम र हस्ताक्षरः (ल्याव टेक्निसियन)

नगर प्रमुख

## अनुसूचि -२

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, कालिका, चितवन
नेपाल।

**विषयः प्रयोगसाला परिक्षण प्रतिबेदन।**

पेश गर्ने ब्यक्ती / निकायः

ठेगानाः

प्रयोगशालामा नमुना संकलन मितिः

नमुना संकलन गरेको स्थानः

नमुना संकलन गरेको समयः

रिर्पोट/प्रतिवेदन मितिः

खानेपानी गुणस्तर परीक्षण विवरणः

| क्र.सं. | परीक्षणका सूचकहरु | अंग्रेजी नाम | नेपाल गुणस्तर मापदण्ड | इकाई | परीक्षण नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | धमिलोपना | | | | | |
| २. | पी एच | | | | | |
| ३. | तापक्रम | | | | | |
| ४. | फलाम (आइरन) | | | | | |
| ५. | क्लोराईड | | | | | |
| ६. | नाईट्रेट | | | | | |
| ७. | कडापन | | | | | |
| ८. | एमोनिया | | | | | |
| ९. | फोस्फेट | | | | | |
| १०. | क्लोरिन अवशेष | | | | | |
| ११. | इ–कोली | | | | | |
| १२. | कोलिफर्म | | | | | |
| १३. | नमुना संकलन | | | | | |
| १४. | अन्य .... | | | | | |
| १५. | | | | | | |

नोटः सम्वन्धित सेवाग्रहीले यस प्रयोगसालामा पेशगरेको पानी नमुनाको आधारमा उल्लेखित परिक्षण परिमितीहरुमा प्रयोगसाला परिक्षणका गरिएको।

.....................................

ल्याव टेक्निसियनः

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१/०९/२१

## अनुसूचि ३

जरिवना सम्बन्धि ब्यवस्था (यस कार्यबिधिको दफा (२१) को उपदफा (७) सँग सम्वन्धित)

| | | |
|---|---|---|
| पुनः उत्पादन तथा सेवा सुचारु गर्न प्रथम पटककालागी | रु. २०००.०० | एकै ब्यक्ति वा निकायलाई पटकपटक जरिवना गर्नुपर्ने आवस्था श्रृजना भएम अधिल्लो पटकको जरिवनमा दोब्बरले बृद्दी हुनेगरी जरिवना रकम कायम गरिनेछ |

## अनुसूचि ४

**सेवा शुल्क / राजश्व गणना प्रयोजनका लागी:**

कालिका नगरपालिका कार्यालय, चितवन, प्रस्तुत प्रयोगसाला परिक्षण / नमुना संकलन कार्यकालागी सम्वन्धित सेवाग्राहिबाट देहायबमोजिम देहाय बमोजिम सेवा शुल्क / राजश्व लाग्नेछ।

| पानी परीक्षणको लागि उपलब्ध सूचकहरु | परिक्षण मूल्य प्रति नमुना प्रति परिक्षण | कैफियत |
|---|---|---|
| १. धमिलोपना | रु.१००.०० | प्रति सूचक |
| २. पी एच (pH) | रु.१००.०० | |
| ३. तापक्रम | रु.५०.०० | |
| ४. फलाम (आइरन) | रु.५०.०० | |
| ५. क्लोराईड | रु.५०.०० | |
| ६. नाईट्रेट | रु.५०.०० | |
| ७. कडापन | रु.५०.०० | |
| ८. एमोनिया | रु.५०.०० | |
| ९. फोस्फेट | रु.५०.०० | |
| १०. क्लोरिन अवशेष | रु. ५०.०० | |
| ११. इ–कोली | रु. ३००.०० | |
| १२. कोलिफर्म | रु. ५००.०० | |
| १३. अन्य (नमुना संकलन सुल्क) | रु. १०००.०० | प्रति नमुना |
| १४. अन्यः | | |
| १५. | | |

**अनुसूचि ५**

**प्रयोगशालाको स्तरिय सञ्चालन प्रकृया (Standard Operating Procedure- SOP)**

**(क) दुर्घटना हुँदा अपनाउने विधि**

१. छाला, आँखा, नाक, मुख वा लुगामा कुनै रसायन पर्न गएमा तत्काल पानीले धुनु पर्दछ।

२. रसायन टेबल वा भुँईमा पोखिएमा पानीमा भिजाएको टालोले तत्काल पुछ्नु पर्दछ।

३. प्रयोगशालामा काम गर्दा अनिवार्य रुपमा पञ्जाको प्रयोग गरेकै हुनु पर्दछ।

४. आगलागी भएको खण्डमा 'फायर एक्सटिङगुइसर' प्रयोग गरेर तत्काल आगो निभाउनु पर्दछ। 'फायर एक्सटिङगुइसर' नभएमा वा नचलेमा बाल्टीनमा पानी भरेर आगो निभाउन प्रयोग गर्नु पर्दछ।

५. प्रयोगशालाको काम सकेर बाहिर निस्किदा प्रयोगमा रहेका फ्रिज र इन्कुबेटर बाहेक अन्य सबै बत्ती र विद्युतीय उपकरणहरुका स्वीच बन्द गर्नु पर्दछ।

६. दुर्घटनाका बेलामा बजाउने साइरनको व्यवस्था गर्नु पर्दछ।

**(ख) आगन्तुकले प्रयोगशाला भित्र पालन गर्नु पर्ने आचरण**

१. तोकिएका सबै सुरक्षा सामाग्री (मास्क, चस्मा, एप्रोन, टोपी, चप्पल, पञ्जा आदि) प्रयोग गर्नु पर्दछ।

२. प्रयोगशाला भित्रका कुनै पनि सामग्री छुन वा चलाउन हुँदैन।

३. कुनै पनि रसायन छुने, सुँध्ने वा चाख्ने काम गर्नु हुँदैन।

४. प्रयोगशालाको सम्बन्धित कर्मचारीको अनुपस्तिथतिमा प्रयोगशाला भित्र प्रवेश गर्नु हुँदैन।

५. प्रयोगशाला भित्र केहि खाने वा पिउने कार्य गर्नु हुँदैन।

६. प्रयोगशालाबाट निस्किने बेला सबै सुरक्षा सामग्री खोलेर त्यहीं छोडेर आउनु पर्दछ।

**(ग) पानीको नमूना संकलन गर्ने विधि**

१. नमूना संकलन गर्न सफा गरिएको सुख्खा भाँडा (बोतल, बिकर वा टेस्ट ट्यब) लिएर जानु पर्दछ।

२. नमुना संकलन गर्ने भाँडाको भित्री भागमा हातले छुनु हुँदैन।

३. नमूना संकलन गर्ने भाँडा जथाभावी भुईंमा राख्नु हुँदैन।

४. नमूना संकलन गर्ने स्थानमा सुरुमा स्पिरिट छर्केर आगो बालेर निर्मलीकरण गर्नु पर्दछ।

५. त्यस पछि भाँडाको बिर्को खोलेर नमूना संकलन गर्ने बित्तिकै बिर्को बन्द गरेर सुरक्षित तवरले राख्नु पर्दछ। फिल्डमै परीक्षण गर्ने हो भने उक्त संकलित नमूना तत्काल परीक्षण गर्नु पर्दछ।

६. फिल्ड परीक्षण सकिए पछि प्रयोग भएका सबै औजार, भाँडा आदि सफा पानीले घोएर डिस्टिल्ड पानीले पखाले पछि टिस्यु पेपरले पुछेर सुख्खा बनाई मात्र भण्डारण गर्नु पर्दछ।

७. जुन औजार वा सामग्री जहाँबाट झिकेको हो त्यहीं स्थानमा राख्नु पर्दछ।

८. संकलित नमूना तोकिएको विधि अपनाएर यथासक्य छिटो प्रयोगशालामा ल्याएर सुरक्षित तवरले राख्नु पर्दछ।

**(घ) प्रयोगशाला भित्र अपनाउनु पर्ने व्यवहार**

१. प्रयोगशाला भित्र काम गर्ने सबैले सुरक्षाका लागि पञ्जा, एप्रोन, चप्पल, टोपी. मास्क आदि अनिवार्य रुपमा लगाउनु पर्दछ।



प्रमाणीकरण मिति २०८१/०९/२९

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रसरोवर, चितवन बागमती प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

२. परीक्षणको काम सुरु गर्नु अघि सबै झ्यालहरु खोली जाली भने लगाउनु पर्दछ।
३. आवश्यक परे उज्यालोको लागि बत्ती बाल्नु पर्दछ।
४. कुनै पनि रसायन छाला, आँखा वा लुगामा पर्न दिनु हुँदैन।
५. कुनै पनि रसायन सुँध्नु वा छुनु हुँदैन।
६. कुनै बस्तु तताउनु परेमा टेस्ट ट्यूबको मुख आफु तिर फर्काउनु हुँदैन।
७. कुनै दुई वा तीन रसायनहरु एक आपसमा मिसाउनु हुँदैन।
८. हरेक रसायन वा रिएजेण्ट निकाल्नका लागि बेग्ला बेग्लै ड्रपरहरु प्रयोग गर्नु पर्दछ।
९. जिम्मेवार ब्यक्ति नभएको बेलामा प्रयोगशाला ताल्चा लगाएर बन्द राख्नु पर्दछनु।

**(ङ) प्रयोगशाला कस्तो हुनु पर्छ?**

१. प्रयोगशाला पक्की घरमा हुनुपर्दछ।
२. प्रयोगशाला दुई तर्फी हावा आदान प्रदान हुने र झ्याल ढोका खोल्न मिल्ने र सबैमा जाली भएको हुनु पर्दछ।
३. परीक्षणका मेसिन सबै पक्की टेबल माथि हुनु पर्दछ।
४. २४ घण्टा सुरक्षित पानी सहितको वास बेसिन हुनु पर्दछ।
५. ढल निकासको ब्यवस्था हुनु पर्दछ।
६. पर्याप्त उज्जालो हुनुका साथै विद्युतीय बत्ती २४ घण्टा उपलब्ध हुनु पर्दछ।
७. प्रयोगशाला भित्र मात्र प्रयोगका लागि एप्रोन, चप्पल, पञ्जा, मास्क, चस्मा र टोपी हुनु पर्दछ।
८. आवश्यक सूचना, परीक्षण विधि, सुरक्षात्मक उपयोग निर्देशन आदि भित्तामा वा नोटिसबोर्डमा स्पष्ट देखिने गरी लेखेर टांस्नु पर्दछ।

## अनुसूची - १

दफा ८ को उपदफा (२) बमोजिम अनुसूची - १ मा उल्लेखित प्रयोगशालामा उपलब्ध परिक्षण उपकरणहरु बाट सम्भाव्य पारामितिहरुको गुणस्तर परीक्षण एवं नमुना सङ्कलन सेवाहरु प्रदान गरिने छ।

| SN | Machine / Equipment/ Tools | Number / Set | Remarks |
|---|---|---|---|
| 1 | Sieve Shaker | 1 | |
| 2 | Moisture Container | 6 | |
| 3 | Sand Replacement Appartus | 1 | |
| 4 | बिधुतिय उपकरण (Hot Air Oven) | 1 | |
| 5 | Rapid Moisture Meter | 1 | |
| 6 | Concrete core Drilling Machine | 1 | |
| 7 | Proctor Compaction Mould | 1 | |
| 8 | जेनेरेटर 3.5KW | 1 | |
| 9 | Compression Machine | 1 | |
| 10 | Digital Vernier Caliper | 1 | |
| 11 | इलोक्ट्रोनिक ब्यालेन्स (Electroni Balance 600 gm) | 1 | |
| 12 | ईलोक्ट्रोनिक ब्यालेन्स (Electronic 30 Kg) | 1 | |
| 13 | स्मिथ ह्यामर (Schmidt Hammer) | 1 | |
| 14 | Sieves Set GI | 1 | |
| 15 | Sieves Set GI | 1 | |
| 16 | Core Bit | 2 | |
| 17 | Slump Cone Apparatus | 2 | |
| 18 | Cube Mould (150*150*150) Mark | 18 | |
| 19 | Cube Mould (70.6 mm ) Mark | 6 | |
| 20 | Bitumen Dip Thermometer | 4 | |

(क) अनुसूचि १ मा उल्लेखित सामाग्रीहरू आवश्यकता अनुसार "प्रयोगशाला व्यवस्थापन समिति" ले परिमार्जन तथा थपघट गर्न सक्नेछ।

(ख) अनुसूचि १ मा उंल्लेखित सामाग्रीहरुहरुको आधारमा प्रयोगशाला ब्यवस्थापक / प्रयगोसालाका प्राविधिकाले परिक्षणका परिमितीहरु परिमार्जन एवं थपघट गर्न सक्नेछ।

नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २१